29

# लोक सेवा आयोग

## नेपाल नागरिक उड्डयन प्राधिकरण, प्राविधिक, एयर ट्राफिक सर्भिसेज/एभिएसन फायर सर्भिसेज, दशौं, उपनिर्देशक पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

२०७९।०४।१७

पत्र : प्रथम

समय : ३ घण्टा

पूर्णाङ्क : १००

### विषय: व्यँवस्थापन तथा कानून

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क" — ५० अङ्क

१. व्यवस्थापनका नवीनतम् अवधारणाबारे संक्षिप्त चर्चा गर्दै नेपाल नागरिक उड्डयन प्राधिकरणले विमानस्थल व्यवस्थापनमा कुन-कुन नवीन अवधारणा प्रयोगमा ल्याउन सम्भव र सान्दर्भिक हुन्छ? संक्षिप्त विश्लेषणात्मक टिप्पणी गर्नुहोस् । ४+६=१०

२. व्यवस्थापकीय परीक्षण (Management Audit) किन गरिन्छ? औचित्यता खुलाउनुहोस् । नेपालमा भईरहेको यसको प्रयोग कस्तो देखिन्छ? आलोचनात्मक दृष्टिकोण प्रस्तुत गर्नुहोस् । ४+६=१०

३. नेपालको सार्वजनिक प्रशासनका विद्यमान चुनौतीहरूको बारेमा उल्लेख गर्नुहोस् । सार्वजनिक प्रशासनको चुनौतीलाई सम्बोधन गर्न जनता तथा सेवाग्राहीमैत्री बनाउन नयाँ सार्वजनिक व्यवस्थापन (New Public Management) नयाँ सार्वजनिक सेवा (New Public Service) को भूमिका र महत्वबारे लेख्नुहोस् । ५+५=१०

४. भैरहवा र पोखरामा नयाँ विमानस्थल थप भएपछि विदेश उडान गर्ने अन्तर्राष्ट्रिय र क्षेत्रीय विमानस्थलको संख्या नेपालमा बढेको छ । यसबीच काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता अपुग भएको चर्चा चलिरहेको अवस्थामा काठमाडौं नजिकको दूरीमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बनाउने विषयले गति लिईरहेको छ । चाहे अन्तर्राष्ट्रिय र क्षेत्रीय विमानस्थल हुन्, चाहे आन्तरिक विमानस्थल हुन्, तिनको पूर्वाधार विकास र निर्माण एउटा चुनौती भए जस्तै तिनको दिगो सुसञ्चालन अर्को प्रमुख चुनौती हो । यस चुनौती सम्बोधन गर्नका लागि क्षमतावान निजी क्षेत्रको संलग्नता बढाउने उद्देश्यले व्यवस्थापन करार (Management Contract) को उपयोग गर्ने गरिन्छ । भारतमा कैयन विमानस्थलहरू व्यवस्थापन करारना सफल सञ्चालन भईरहेको दृष्टान्त छ ।

नेपालका ठूला विमानस्थलहरूलाई निजी क्षेत्रबाट व्यवस्थापन करारमा सञ्चालन गर्ने गराउने सन्दर्भमा देहायका प्रश्नहरूको उत्तर प्रस्तुत गर्नुहोस् । ५+५+५+५=२०

क) विमानस्थलहरू निजी क्षेत्रबाट व्यवस्थापन करारमा सञ्चालन गर्न सकिए के-कस्तो लाभहरू हासिल होला?

ख) विमानस्थल व्यवस्थापन करारमा सञ्चालन गर्न दिने सम्बन्धमा के-कस्ता नीति कानूनहरू प्रचलनमा छन्?

ग) विमानस्थल व्यवस्थापन करारमा सञ्चालन गर्न दिनु पर्दाका के-कस्ता सम्भाव्य चुनौतीहरू देख्नुहुन्छ?

घ) केही मुख्य विमानस्थललाई व्यवस्थापन करारना सफलरूपमा सुसञ्चालन गर्न र सम्भाव्य चुनौतीहरू सम्बोधन गर्न के-कस्ता नीतिगत र व्यवहारिक सुझाव दिनुहुन्छ?

क्रमशः

खण्ड "ख" ५० अङ्क

५. नेपालको हवाई यातायातसम्बद्ध नवीनतम् प्रविधिको विकासका लागि अनुसन्धानको अपरिहार्यता कस्तो रहेको पाउनुहुन्छ? नेपालको विद्यमान हवाई नीति, विज्ञान प्रविधि नीति तथा सूचना प्रविधि नीतिले हवाई क्षेत्रको अनुसन्धान र विकासका लागि लिएका अभिप्रेरणात्मक व्यवस्था तथा तिनको कार्यान्वयन सम्भाव्यताका बारेमा विवेचना गर्नुहोस् । ४+६=१०

६. नेपालमा सुशासन कायम गर्न विद्यमान नीतिगत र कानूनी व्यवस्थाको बारेमा उल्लेख गर्नुहोस् । सुशासनको अवधारणाअनुरूप सुशासन कायम गर्न कानूनी र व्यवहारिक पक्षको बारेमा लेख्नुहोस् । ५+५=१०

७. नेपालमा व्यवसायिकरूपमा वायुयान सञ्चालनसम्बन्धी कानूनी व्यवस्थाको समीक्षा गर्दै नेपालमा निजी क्षेत्रका वायुयान सञ्चालनमा विद्यमान समस्या पहिचान गरी समाधानका लागि के-कस्ता व्यवस्थाहरू गर्न उपयुक्त हुन्छ? कारणसहित सुझाव प्रस्तुत गर्नुहोस् । ४+६=१०

८. नेपालमा पर्यटन क्षेत्रलाई प्रतिस्पर्धात्मक लाभ (Competitive advantage) र तुलनात्मक फाइदा (Comparative benefits) का दृष्टिले सवल र विकासको प्राथमिकताको क्षेत्रका रूपमा लिइएको छ । विदेशी मुद्रा आर्जन गरी अर्थतन्त्रलाई सवल बनाउन, रोजगारीका अवसर सृजना गरी विद्यमान बेरोजगारीको समस्या समाधान गर्न, गरिबी निवारण गरी जनताको जीवनस्तरमा सुधार ल्याई आर्थिक समृद्धि हासिल गर्न, नेपालमा रहेका प्राकृतिक तथा सांस्कृतिक सम्पदाको बुद्धिमत्तायुक्त रूपमा उपयोग गर्न तथा विश्वसामु सबैभन्दा सुरक्षित (Safest) र लोकप्रिय गन्तव्यस्थल (Popular Destination) का रूपमा नेपाललाई चिनाउन पर्यटन क्षेत्रको अपरिहार्यता रहेको छ । नेपालको वर्तमान आवधिक योजनाले आत्मसात गरेको 'समृद्ध नेपाल, सुखी नेपाली' को दीर्घकालीन सोंच र दृष्टिकोणलाई साकार पार्न, सन् २०२० मा २० लाख पर्यटक नेपाल ल्याउन, नेपाल पर्यटन राष्ट्रिय रणनीतिले तय गरेका लक्ष्य हासिल गर्न, पन्ध्रौं योजनाको अन्त्यसम्म ३५ लाख पर्यटक नेपाल ल्याउन, पर्यटकको औषत बसाई १५ दिन पुऱ्याउन, प्रति पर्यटकको प्रतिदिन खर्च १०० डलर पुऱ्याउन, ४ लाख ५० हजारको संख्यामा प्रत्यक्ष रोजगारी सिर्जना गर्न र कूल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान १० प्रतिशत पुऱ्याउन सम्भव छ । त्यसको लागि सरकारको एक्लो प्रयासले पुग्दैन । तीन तहका सरकारबीच समन्वय, सहकार्य र सहअस्तित्व पूर्वशर्त हुनेछ । त्यस्तै, सार्वजनिक निजी साझेदारीको पनि विकल्प छैन ।

पर्यटन क्षेत्रको विकासका लागि कतिपय आधार निर्माण गर्नुपर्ने हुन्छ । यसका लागि पहुँच (Access), बसाइको सुव्यवस्था (Accommodation), विविध र आकर्षक पर्यटन क्रियाकलाप (Activities and tourism product), उपयुक्त र पर्याप्त संस्थागत व्यवस्था (Arrangements), पर्यटकका लागि प्रोत्साहनात्मक व्यवस्था (Attarctions) तथा पर्यटनप्रेरित सापेक्ष प्रवृत्ति (Attitudes) को सहिरूपमा विकास र प्रवर्द्धन गर्नु अपरिहार्य हुन्छ ।

नेपालको पर्यटन क्षेत्रमा देखिएका कमीकमजोरीलाई नियाल्ने हो भने पर्यटनमैत्री पूर्वाधारको कमी, अन्तर्राष्ट्रियस्तरमा पर्यटन प्रबर्द्धन अपेक्षितरूपमा गर्न नसक्नु, सुरक्षित तथा सहज हवाई यातायातको पर्याप्त व्यवस्था गर्न नसक्नु, सबै विमानस्थल सबै मौसममा सञ्चालन गर्न नसक्नु, शहरकेन्द्रित पर्यटन व्यवसायीहरूलाई ग्रामीण तहसम्म पुऱ्याउन नसक्नु जसले गर्दा शहरमा पर्यटकको चाप अत्याधिक हुनु नै देखिएका छन् । त्यसैगरी, विभिन्न भौगोलिक एवम् सांस्कृतिक क्षेत्रका पर्यटकीय सम्भावना बोकेका ठाउँहरू ओझेलमा पर्नु, पर्यटकको सुरक्षा व्यवस्था चुस्त दुरुस्त र भरपर्दो नुहुनु, पर्यटकीय सूचना केन्द्र सबै ठाउँमा विस्तार गर्न नसक्नु, पर्यटकीय गतिविधि प्रविधिमैत्री नहुनु पनि

क्रमशः

गम्भीररूपमा सोच्नुपर्ने विषय रहेका छन् । साथै, पर्यटनसँग सम्बन्धित दक्ष जनशक्ति र पर्यटन ज्ञानको विकासमा कमी, नयाँ पर्यटकीय स्थल र उपजहरूको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरूको विकास गर्न नसक्नु, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण सम्बर्द्धन र विकासमा निजी क्षेत्रलाई पर्याप्त मात्रामा सहभागी गराउन नसक्नु, पर्यटन क्षेत्रलाई उद्यमशिलता तथा रोजगारी सृजनासँग जोड्न नसक्नु, गुणस्तरीय पर्यटक भित्र्याउनेमा भन्दा संख्यात्मक स्थितिमा जोड दिनु, पर्यापर्यटन (Eco-tourism) र ग्रामीण पर्यटनलाई गरिबी निवारणसँग आवद्ध गर्न नसक्नु, पर्यटन क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण गर्न नसक्नु, पर्यटकस्तरीय होटल, लज तथा रिसोर्टका संख्या पर्याप्त मात्रामा नहुनु, "अतिथि देवो भव" को मूलमन्त्रलाई हृदयंगम नगरिनु, आन्तरिक पर्यटम प्रबर्द्धन गर्नमा खासै पहल कदमी नुहुन, पर्यटन क्षेत्रको विकास र विस्तार गर्न मौजुदा कानूनलाई समयसापेक्ष बनाउने गरी संशोधन गर्न नसक्नु, आदि मुख्य चुनौतीका विषय रहेका छन् ।

माथि दिइएको अनुच्छेदमा उल्लिखित समस्यामूलक स्थितिको विवेचना, समस्याको पहिचान गर्नुहोस् र देहायका बुँदामा आधारित रही उक्त समस्याको समाधान गर्नुहोस् । ५+५+५+५=२०

क) नेपालमा पर्यटन क्षेत्रको समयसापेक्ष विकास र प्रबर्द्धन गर्नमा देखिएको मुख्य समस्याको पहिचान गर्नुहोस् ।

ख) नेपालको पर्यटन क्षेत्रको विकास, विस्तार र प्रबर्द्धनसँग सम्बन्धित नीतिगत, कानूनी तथा संस्थागत परिपाटीको समीक्षा गर्नुहोस् ।

ग) नेपालको पर्यटन क्षेत्रको रूपान्तरणका सन्दर्भमा विकासको अवधारणालाई कसरी व्यवहारिक र दिगोरूपमा कार्यान्वयनमा लैजानु पर्ने हुन्छ? कार्यान्वियनयोग्य सुझाव प्रस्तुत गर्नुहोस् ।

घ) प्रस्तुत सुझावमा आधारित उपायको नतिजामूलक कार्यान्वयन कसरी गर्नुहुन्छ? आफ्नो योजनासहित प्रस्तुत गर्नुहोस् ।

:: समाप्त ::